**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. **१.५** मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २४ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८१ माघ २४ गते बिहीबार ❑ 6 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउने योजनामा छौँ : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल सरकारले स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउँदै उपचारलाई सर्वसुलभ बनाउने योजनामा रहेको बताउनुभएको छ।



पोखरा महानगरपालिका-१२ स्थित शितलादेवी माध्यमिक विद्यालयमा आज पाठेघरको मुखमा हुने क्यान्सरविरूद्ध लगाइने एचपिभी खोप अभियानको शुभारम्भ गर्दै उहाँले स्वास्थ्य बिमालाई व्यवस्थित बनाइने बताउनुभयो। उहाँले भन्नुभयो, “वर्तमान सरकार स्वास्थ्य क्षेत्रको विकास र सुधारलाई प्राथमिकतामा राखेर यसलाई व्यवस्थित बनाउने योजनामा छ। बिरामीको उपचार सर्वसुलभ गर्ने र उपचार गर्न नसक्नेलाई निःशुल्क बनाउने तथा स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउने छौँ ।” स्वास्थ्यमन्त्री पौडेलले नेपालमा पाठेघरको क्यान्सरबाट महिलाले ज्यान गुमाइरहेको अवस्थामा अहिलेका किशोरीहरूलाई खोप उपलव्ध गराएर अबदेखि कसैले अकालमा ज्यान गुमाउन नपरोस् भनेर देशभर खोप अभियान सुरू गरिएको जानकारी दिनुभयो। उहाँले क्यान्सर लागेको पत्ता लागि सकेको उपचार सर्वसुलभ गराउने र उपचार नसक्नेका लागि निःशुल्क गराउने तयारी सरकारको रहेको मन्त्री पौडेलको भनाइ छ।

पोखरा महानरपालिका क्षेत्रमा एचपिभी खोप अभियानका क्रममा करिब २३ हजार सात सय ४८ बालिकाहरूलाई खोप लगाइने छ। आगामी फागुन ६ गतेसम्म महानगरका दुई सय ७५ विद्यालय र ४७ वटा स्वास्थ्य संस्थाहरूमा तीन सय ४४ जना स्वास्थ्यकर्मी र छ सय ८८ जना स्वयंसेवहरू परिचालन गरी खोप कार्यक्रम सञ्चालन गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो।

विद्यालय उमेरका कक्षा ६ देखि १० र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका बालिका तथा किशोरीहरूलाई यो खोप प्रदान गर्न लागिएको हो। वडाध्यक्ष सन्तोष बाँस्तोलाले वडाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकता दिएको बताउनुभयो। उहाँले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकको पारिवारिक बिमा गर्ने गरिएको जानकारी दिनुभयो।

## पोखरामा हुने भनेको विराट महायज्ञ अन्यौलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

पोखरामा हुने भनिएको विराट महायज्ञ अन्यौलमा परेको छ। मानव सेवा फाउण्डेसन, नेपालको आयोजनामा आउदो वैशाख दोश्रो सातादेखि जेठको तेश्रो सातासम्म पोखराको वाराहीघाँट क्षेत्रको खेल मैदानमा हुने भनिएको उक्त विराट महायज्ञ हाल अन्यौल भएको छ।

आयोजकले केन्द्रबाट नेपाल ट्रस मार्फत र वडाको सिफारिसमा उक्त कार्यक्रमको तय गरिरहदा यस बिषयमा भने पोखराका मेयर धनराज आचार्यले लामो समय पर्यटकीय क्षेत्रमा उक्त कार्यक्रम गर्न नहुने भन्दै कुनै अनुमति निदएकोले उक्त कार्यक्रम सो क्षेत्रमा नगर्न चेतावनी दिदै आउनु भएको छ। उसो त पोखरा ६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले उक्त कार्यक्रमको बिषयमा वडाले सिफरिस नदिएको यस बिषयमा महानगरमै जान आग्रह गरेको बताउनु भयो। फाउण्डेसनले उक्त कार्यक्रम गरे वापतको नेपाल ट्रस र पोखरा महानगरपालिका वडा नम्बर ६ लाई भाडा शुल्क वापतको केही रकम दिएको खुलेको छ। पोखरामा लामो समयसम्म ध्वनि प्रदूषण हुने किसिमको कार्यक्रम सञ्चालन गर्न नहुने, यसले पर्यटकीय क्षेत्रमा असर पर्ने भन्दै मेयर आचार्यले तालछेउमा करिब डेढ महिना उक्त कार्यक्रम संचालन गर्नु अनुपयुक्त हुने दाबी गर्नु भएको छ। उक्त महायज्ञमा आयोजना गर्ने भन्दै मानव सेवा फाउण्डेशनले पोखरामा रहेको वर पीपल काटछाट गर्दै दाउरा सङ्कलन गरेपछि पोखरा महानगर पालिकाले बुधबार उत्तः दाउरा जफत गरेको छ। नेपाल ट्रस भित्र वाराहीघाट क्षेत्रको खेल मैदानमा साचो लागेर राखिएका वर पिपलका दाउरा महानगरको नगर प्रहरीको टोलीले साचो फोरेर दाउरा जफत गरेको हो। करिब एक लाख केजी तौल बराबरको दाउरा जफत गरिएको पोखरा महानगरपालिकाका सुरक्षा तथा नगर निरिक्षण शाखा प्रमुख पुरुषोत्तम थापाले बताउनु भयो। मेयरको निर्देशन अनुसार पोखराका विभिन्न वडामा कटान भएका वर तथा पिपलका दाउरा जफत गरिएको उहाँले जनाउनु भयो। फाउण्डेसनले भने यस बिषयमा महानगरको समन्वयमै आफुहरुले वर पिपलका दाउरा विराट महायज्ञको लागि भन्दै संकलन गरेको जनाएको छ। फाउण्डेसनका विजय केसीले उक्त दाउरा महानगरले दियर संकलन गरेको तर आज अचानक आफै उठायर लगेको बिषयमा आफुहरु छक्क परेको जनाउनु भयो। सरकारी निकायहरुमा आधिकारीक रुपमा महायज्ञ आयोजना गर्ने बिषयमा अनुमति लिएकोले महायज्ञ हुने नहुने बिषयमा कुनै अन्यौल नभएको केसीले पोखरापत्रलाई जनाउनु भयो। फाउन्डेसनले अनधिकृत रूपमा रुख कटान गरी दाउरा बनाएर नेपाल ट्रस्टको जग्गामा राखेको महानगरले आरोप लगाएको छ। पोखराका विभिन्न वडामा जथभावी रुपमा वर पिपलका रुखहरु काटिदा केही दिन अघि मात्र महानगरले सूचना निकाल्यो त्यो बाहेक खासै याक्सनमा कार्वाही नभएको पोखराका नागरिक अगुवा रामबहादुर पौडेलले गुनासो गर्नु भएको छ। उहाँले वर पिपलका रुखहरु जथभावी रुपमा काटिएको बिषयमा महानगरलाई प्रश्न गर्दै यस बिषयमा कसले अनुमति दिएको भन्दै सामाजिक संजालमा बिरोध जनाउनु भएको छ। अनधिकृत रूपमा रुख काट्नेमाथि कारबाही हुने महानगरपालिकाले जनाउदै आएको छ। पोखरा ६,७, १३, १४ लगायतका वडाहरुमा धमाधम रुख कटान हुन थालेपछि सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा चर्को आलोचना हुदै आएको छ। यसैबिच, पोखराका पर्यटन व्यवसायीले समेत उक्त महायज्ञ प्रति ध्यानाकर्षण गराएका छन्। मानव सेवा फाउण्डेशन नेपालको आयोजनामा मुख्य पर्यटकीय स्थानमा रहेका पोखरा ६ मा पर्ने नेपाल ट्रष्टको स्वामित्वमा रहेको बाराही खेल मैदान र उद्योग तथा पर्यटन मन्त्रालयको स्वामित्वमा रहेको क्याम्पिङ्ग साइटको मौदानमा श्री गण्डकी शत(सय) कुण्डीय गायत्री कोटीहोम विराट ज्ञान महायज्ञ २०८१ को आयोजना गरिएको कुरा प्रति सम्पुर्ण पर्यटन व्यवसायी संस्थाहरुको गम्भिर ध्यानाकर्षण भएको परिषदले जनाएको छ।

सामान्यतया फागुन देखी जेष्ठ सम्मको समयलाई विदेशी पर्यटकहरुको सिजनको समय भएकोले यहाँको वातावरण शान्त, सुन्दर र सफा हुनुपर्नेमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

नेपाल पर्वतारोहण सङ्घले २२औँ अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय दिवस विविध कार्यक्रम गरी मनाएको छ।




दिवसका अवसरमा आज पोखरास्थित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय परिसरमा वृक्षरोपण, कविता वाचन एवं पर्यटक पथपर्दशकलाई सम्मान गरियो। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, राज्यमन्त्री अरुणकुमार चौधरी, मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले वृक्षरोपण गर्नुभयो। उक्त अवसरमा राष्ट्रिय झण्डासहित नेपाल पर्वतारोण सङ्घको झण्डा झण्डोत्तोलन गरिएको थियो। मन्त्री पाण्डेले सङ्ग्रहालयका गतिविधिबारे जानकारी लिँदै पोखराको पर्यटनमा सङ्ग्रहालयले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले नेपाल पर्वतारोहण सङ्घका पूर्वसंस्थापकहरू स्व डा हर्क गुरुङ, स्व कुमार खड्ग विक्रम शाह र स्व दावानोर्बु शेर्पाको शालिकमा माल्यार्पण गर्नुभयो। संस्कृति पर्यटन तथा नगरिक उड्यन राज्यमन्त्री अरुणकुमार चौधरीले पर्यटनका क्षेत्रमा परिणाम देखिने काम सरकारले गरिरहेको बताउँदै पर्वतीय पर्यटकको विकासका लागि सम्बद्ध सबैसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो।

पर्यटन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले नेपालको पर्यटन र पोखरा एक सिक्काका दुई वटा पाटा रहेको बताउँदै यहाँ सञ्चालित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयले पोखरासहित समग्र पर्यटनमा विशिष्ट योगदान गरेको बताउनुभयो। नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमा नुरु शेर्पाले पर्वतीय पर्यटनका विभिन्न पक्षलाई सङ्ग्रहालयमा जीवन्त चित्रण गरिएको बताउनुभयो।

अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखराका कार्यालय प्रमुख निर्मला न्यौपानेले पोखरामा आउने पर्यटकका लागि नछुटाउने गन्तव्यका रुपमा सङ्ग्रहालय विकास भएको बताउँदै वार्षिक दुई लाख पर्यटकले अवलोकन गर्ने गरेको जानकारी दिनुभयो। वरिष्ठ साहित्यकार सरुभक्तले हिमाल जोखिममा परिरहेको बताउँदै यिनीहरू सङ्कटमा पर्दा समग्र पर्वतीय पर्यटन प्रभावित हुने बताउनुभयो। नेपाल पर्वतारोहण सङ्घका सल्लाहकार डा गणेश गुरुङले पोखरा प्रकृतिको बरदान भएको बताउँदै यहाँस्थित सङ्ग्रहालय मानव निर्मित गन्तव्य भएको बताउनुभयो। ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का वरिष्ठ उपाध्यक्ष कर्म शेर्पा, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा महानगरपालिकाका प्रवक्ता मोति तिमल्सिनालगायतले पर्वतीय पर्यटनका विविध पक्षबारे चर्चा गर्नुभएको थियो। पर्यटक पथ प्रदर्शकलाई सम्मान गरिनुका साथै मुक्तक मञ्च पोखराका अध्यक्ष अम्बिका भण्डारी, साहित्यकार पूर्णिमा प्रतिविम्बि र सुरज उपाध्यायले कविता वाचन गर्नुभएको थियो।

## संघीयता अनुभूत हुनेगरी काम गर्दै गण्डकी प्रदेशसभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

गण्डकी प्रदेश मङ्गलबारदेखि स्थापनाको आठौँ वर्षमा प्रवेश गरेको छ। प्रदेशसभा स्थापना भएको दिनलाई नै यस वर्षदेखि प्रदेश स्थापना दिवसका रुपमा मनाउन सुरु गरिएको छ। विसं २०७४ माघ २२ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो।

त्यसयता प्रदेशसभाको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्याकालको पनि दुई वर्ष वितिसकेको छ। यस अवधिमा प्रदेशसभा सङ्घीयताको कानुनी र संरचनागत जग निर्माणमा केन्द्रित रह्यो। प्रदेश संरचनालाई सुदृढ र संस्थागत गर्नेतर्फ प्रदेशसभाको सक्रियता रह्यो। प्रदेशसभाको पहिलो कार्यकालमा ५९ कानुन निर्माण भएभने दोस्रो कार्याकाल सुरु भएयता १३ वटा कानुन निर्माण र एउटा नियमावली पारित भएको छ। प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीका अनुसार यस अवधिमा दुईवटा अध्यादेश स्वीकृत भएका छन्।

‘गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,’ ‘साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक’ र ‘जीवननाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक’ विषयगत समितिमा विचाराधीन छन्। यसैगरी, ‘औद्योगिक व्यवसायय ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक’ पनि प्रदेशसभामा पेस भएको छ। गत सोमबारदेखि सुरु भएको प्रदेशसभा अधिवेशनमा नयाँ विधेयक प्रस्तुत हुँदैछन्। विसं २०७९ मङ्सिर ४ गते प्रदेशसभाको निर्वाचन भई प्रदेशसभाको दोस्रो कार्यकाल विसं २०७९ पुस १८ गते सुरु भएको थियो। उक्त अवधिमा केही सङ्कल्प प्रस्ताव र सार्वजनिक महत्वका प्रस्ताव प्रदेशसभामा दर्ता भएका थिए। प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले प्रदेशसभालाई जिम्मेवार बनाइ सङ्घीयता अनुभूत हुनेगरी काम गर्न प्रदेशसभा प्रयत्नशील रहेको बताउनुहुन्छ। उहाँले सङ्घीय शासन प्रणालीलाई व्यवस्थित गर्न तीनवटै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुहुन्छ। नागरिकका भावनाअनुसार प्रदेशसभाले कानुन निर्माणलगायत संविधानले निर्देश गरेका काम गरिरहेको उहाँ बताउनुहुन्छ।

प्रदेशसभा बैठक ‘युट्युब’बाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको छ। अनलाइनका माध्यमबाट विधेयकबारे सुझाव सङ्कलन हुने गरेको छ। प्रदेशसभा सदस्यका जिज्ञासाका जवाफ मन्त्रीहरुले जवाफ दिने गरे पनि प्रश्नोत्तरको अभ्यास हालसम्म भएको छैन। प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का आठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक जना स्वतन्त्र सदस्यको हुनुहुन्छ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रेस चौतारी कास्कीको अध्यक्षमा अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

प्रेस चौतारी नेपाल कास्की शाखाको अध्यक्षमा मोतिसागर अधिकारी सर्वसम्वत रुपमा निर्वाचित हुनु भएको छ।

प्रेस चौतारी नेपाल कास्की शाखाको २७ औं स्थापना दिवस तथा नवौं अधिवेशनले अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित हुनु भएको हो । त्यसै गरी उपाध्यक्षमा गिरधारी पोखरेल, उपाध्यक्ष (महिला) रोजी श्रेष्ठ, सचिवमा अनुप पौडेल, सहसचिवमा दिपक अधिकारी, सहसचिवमा (समावेशी) सुरेश सुनार, कोषाध्यक्षमा सन्दिप खनाल सर्वसम्वत रुपमा निर्वाचित हुनु भएको थियो । त्यस्तै अन्य सदस्यहरुमा सुरेश रानाभाट, संजय थापा, रचित पौडेल,आषिस पुरी, विनिता राना, मदनमणि तिमिल्सिना, काशिनाथ कुमाल र मनिषा लामिछाने सर्वसम्वत



निर्वाचित हुनु भएको हो । उक्त अवसरमा पत्रकार गणेशमान गुरुङ प्रेस चौतारी पत्रकारिता सम्मान २०८१ बाट सम्मानित हनु भएको छ भने प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट यस वर्ष पत्रकार ईन्द्रप्रसाद पौडेललाई पुरस्कृत हुनु भएको हो।

प्रेस चौतारी नेपालका केन्द्रिय अध्यक्ष गणेश बस्नेत, प्रेस चौतारी कास्कीका संस्थापक अध्यक्ष पुण्यप्रसाद पौडेल, प्रेस स्वतन्त्रताका सेनानी माधन शर्मा, वद्रिविनोद प्रतिक लगायतले उहाँहरुलाई सम्मान गर्नु भएको थियो । उक्त पुरस्कारको राशी २२ हजार २ सय २२ रुपैयाँ रहेको सचिव रन्जन अधिकारीले बताउनु भयो । प्रेस चौतारी नेपालका पूर्व केन्द्रीय उपाध्यक्ष तथा सल्लाहकार शान्ति गुरूङ संयोजक, पूर्व पुरस्कृत केशव पाठक र अग्रज पत्रकार केशवशरण लामिछाने सदस्य तथा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी र सचिव रञ्जन अधिकारी पदेन सदस्य रहेको प्रतिभा छनौट समितिले पौडेललाई पुरस्कृत र गुरूङलाई सम्मान गर्ने निर्णय गरेको थियो।

# पोखरामा...

सुख्खा याममा दिन - रात दाउरा वालेर अग्नी हवन गर्ने र माईक्रो फोन प्रयोग गरी निरन्तर भजन कृतन गर्ने कार्यले वायु तथा ध्वनी प्रदुषर्ण हुर्ने परिषदले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । यस कार्यको पुव सन्ध्यामा वर्षौं देखी संरक्षण गरी राखिएका रुखहरुको निर्मम कटा्न गरीएको कुराले पोखरा वासी लाई झस्काएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो । कोटीहोमका लागि प्रस्तावीत क्षेत्र उपयुक्त नहुने भएकोले उल्लेखीत स्थानमा सो कोटीहोमको आयोजना नगर्नु हुन परिषदको बुधबार बसेको बैठकले आग्रह गर्ने निर्णय गरेको छ। लामो समय देखी संरक्षण गरीराखिएका रुखहरुको निर्मम कटान गर्ने कार्य तत्काल रोक्न र नियम बिपरित वातावरण बिगार्ने गरी रुख कटान गर्नेलाई नियमानुसार कारबाही गर्नका लागी सम्वन्धीत पंक्षको ध्यानाकर्षण समेत गरिएको अध्यक्ष पहारीले जनाउनु भयो।

# मच्छिन्द्र क्लव आहा ! रारा पोखरा गोल्ड कपको क्वाटरफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

मच्छिन्द्र फुटवल क्लव आहा ! रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को क्वाटरफाइनलमा प्रबेश गरेको छ। पोखरा रंगशालाको फुटवल मैदानमा बुधबार भएको खेलमा मच्छिन्द्रले शसस्त्र प्रहरी वलको एपिएफ क्लवलाई २–० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको हो।

मच्छिन्द्रको जितमा आदित्य शाक्य र स्टेफन कामाहाले एक/एक गोलको योगदान दिनुभयो । खेलको ७४ औं मिनेटमा अतिरिक्त खेलाडी शाक्यले र खेलको ८१ औं मिनेटमा विदेशी खेलाडी स्टेफनले गोल गर्नु भएको हो।

पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा एपिएफ पहिलो चरणकै खेलबाट बाहिरिनु पर्‍यो। एपिएफका प्रदिप



लामा, कप्तान युवराज खड्का, विकु लामाले प्रहार गरेको वल गोल हुन सकेन् । एपिएफले सेमिफाइनलको यात्राको लागि थ्रि स्टार क्लवसंग माघ २७ गते प्रतिष्प्रर्धा गर्ने भएको छ।

बिहीबार तेश्रो खेल चर्च व्वाईज यूनाइटेड क्लव र एनआरटि फुटवल क्लव बिच खेल हुने प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। फागुन ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो। प्रतियोगितामा बिजेतालाई १२ लाख र उपविजेतालाई ६ लाख पुरस्कार प्रदान गरिने भएको छ। 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्यका साथ २०५५ सालमा स्थापित सहारा क्लब पोखराले फुटबल मार्फत सामाजिक कार्य गर्दै आएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# जानकी मावि अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवलको सेमिफाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

पोखरामा जारी चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ अन्र्तगत बुधबार २ खेल सम्पन्न भएका छन् । पोखराको ड्याम साइड क्लवको आयोजनामा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा बुधबार भएको खेलमा पोखरा स्पाईरल ग्यालेक्सी र जानकी मा.वि.बिजयी भएका छन्।

बुधबारको खेलमा पोखरा स्पाईरलले ओम एकेडेमीलाई १–० का गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको हो। पोखरा स्पाइरलको जितमा अनिल खाँडले एक




गोल गर्नुभयो । खेलमा पोखरा स्पाइरलका सृजन थापा क्षत्री म्यान अफ दी म्याच घोषित हुनु भयो । अर्को खेलमा श्री जानकी मा.वि.ले शिशु निकेतन ईङलिस स्कुललाई २–१ को झिनो गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा यात्रा तय गरेको हो। जानकीको जितमा म्यान अफ दी म्याच घोषित अभिशेक मल्लले २ गोलको योगदान दिनुभयो । शिशु निकेतनका रोसन गुरुङले एक गोल गर्नुभयो। बिहीबार ३ वटा क्वाटरफाइनलका खेलहरु हुने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो । विहिबार ८:३० बजे हिमालयन बोर्डिङ स्कुल र शान्ति निकुञ्ज बोर्डिङ स्कुल बिच पहिलो खेल हुने भएको छ भने दोश्रो खेल ढुङ्गेसाघु बोर्डिङ स्कुल र फिस्टेल एकेडमी बिच बिहान ९:३० बजे हुने भएको छ।

अर्को खेल भने दिउँसो १:०० बजे एल पी देबकोटा बोर्डिङ स्कुल र पोखरा स्पाईरल ग्यालेक्सी बिच हुने भएको क्लवले जनाएको छ । पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा संचालन भएको प्रतियोगितामा यही माघ २६ गतेसम्म संचालन हुने क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो।

# घान्द्रुक पर्यटन महोत्सव फागुन ७ देखि

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

कास्कीको पर्यटकीय गाउँ अन्नपूर्ण गाउँपालिका १०/११ घान्द्रुकमा तेस्रो घान्द्रुक पर्यटन महोत्सव आगामी फागुन ७ देखि १० गतेसम्म हुने भएको छ।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिले बुधबार पोखरामा पत्रकार सम्मेलन गर्दै महोत्सवबारे जानकारी दिएको हो । घान्द्रुक पर्यटन महोत्सवका संयोजक अमृत गुरुङले महोत्सव आगामी फागुन ७ देखि सुरु हुने बताए । मेश्रम बराह मावि घान्द्रुकको प्राङ्गणमा हुने महोत्सवमा क्लबस्तरीय पुरुष भलिबल, बास्केटबल, भेन्ट्रान्स भलिबल, घोडादौड, छेलो लगायतका प्रतियोगिता आयोजना गरिएको महोत्सव संयोजक गुरुङले बताए । 'सबै मौसममा पर्यटन भन्ने नारालाई आत्मसाथ गर्दै घान्द्रुक पर्यटन महोत्सव फागनु ७ देखि १० गतेसम्म सञ्चालन गर्दै छौं', संयोजक गुरुङले भने, '४ दिनसम्म सञ्चालन हुने महोत्सवमा क्लबस्तरीय पुरुष भलिबल, खुल्ला बास्केटबल, भेन्ट्रान्स भलिबल, घोडादौड, छेलोसँगै दैनिक सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिएको छ ।' संयोजक गुरुङले खेलकुदलाई पर्यटनसँग जोड्न महोत्सवमा खेलकुदलाई जोडिएको बताए । 'खेलकुद पनि पर्यटनसँग जोडिएको छ, पर्यटन महोत्सवमा खेलकुदलाई जोड्दा खेलाडी र पर्यटकीय क्षेत्रलाई दुवैलाई फाइदा छ, उनले भने, 'ढुङ्गेनी गाउँले परिचित घान्द्रुकलाई जोड्न खेलकुदले पनि महत्वपूर्ण योगदान पुग्ने अपेक्षासमेत लिएका छौं।

उनका अनुसार क्लबस्तरीय भलिबल र खुल्ला बास्केटबल प्रतियोगिताको विजेताले क्रमशः १ लाख २२ हजार २ सय २२ र उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गर्ने लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक एवम् महोत्सव संयोजक गुरुङले जानकारी दिए । उनका अनुसार भलिबल र बास्केटबल प्रतियोगितामा सहभागिता जनाउन एक समूहलाई ६/६ हजार शुल्क निर्धारण गरिएको छ। प्रतियोगिताको दुवै विधामा सेमिफाइनलबाट बाहिरिने दुवै समूहलाई नगद १०/१० हजार पुरस्कार प्रदान गर्ने गुरुङले जानकारी दिए । क्लबस्तरीय भलिबल प्रतियोगितामा




आठौं र नवौं प्रतियोगितामा खेलेका २ जना खेलाडी मात्र समावेश गर्न पाईने आयोजकले जनाएको छ । यस्तै महोत्सवमा आयोजित भेन्ट्रान्स भलिबल प्रतियोगिताको बिजेताले नगद ३० हजार उपविजेता टिमले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । भेन्ट्रान्स भलिबलमा सहभागिताका लागि एक समूहलाई ३ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । यस्तै महोत्सवमा आयोजित घोडादौड प्रतियोगितामा प्रथम हुनेले ६० हजार, दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गर्नेछन् । महोत्सवको पत्येक साँझ सास्कृतिक कार्यक्रमहरु समेत आयोजना गरिएको आयोजकले जनाएको छ। कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रकमा एकैदिन २ हजार ५ सय पर्यटकलाई राख्न सक्ने क्षमताको ६० वटा होटल र ३० वटा होमस्टे सञ्चालनमा रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए । 'घान्द्रुकमा हामीले एकैदिन २५ सय पर्यटकलाई राख्न सक्ने होटल तथा होमस्टे सञ्चालनमा छन्, अध्यक्ष गुरुङले भने, 'हामीले महोत्सव अवधिभर घान्द्रुक आउने पर्यटकहरुलाई २० प्रतिशत छुट र खेलाडीलाई ८ सय रुपैयाँको प्याकेज उपलब्ध गराउँछौं।' पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा पोखरा बागलुङसडकखण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ।

घान्द्रुकबाट भैसीखर्क-टाडापानी,वनठाटी, देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसरु, दोबाटो, मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक,छोम्रोङ हुदै अन्नपूर्ण बेसक्यापसमेत जान सकिन्छ।

# दुवै सदनबाट अध्यादेश पारित हुने सत्तापक्षको विश्वास

रासस
काठमाडौं २३ माघ

सरकारले संसद्मा प्रस्तुत छवटै अध्यादेश सङ्घीय संसद्( प्रतिनिधिसभा र राष्ट्रियसभा)को बिहीबार बस्ने बैठकबाट पारित गर्ने विश्वास लिएको छ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे उपस्थितिमा प्रतिनिसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलका मुख्य सचेत र प्रमुख सचेतकको आजको बैठकले संसद्मा प्रवेश पाएका अध्यादेशमाथि दुवै सदनमा छलफल गरी पारित गर्ने सहमति गरेको हो । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सदन दुवै सदनको बिहीबार बस्ने बैठकमा अध्यादेश प्रस्तुत गर्ने, विरोधको सूचना दर्ता गराउनले मन्तव्य राख्ने, त्यसमा सम्बन्धित मन्त्रीले जवाफ दिने र समूहगत रूपमा निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचीबारे तय भएको जानकारी दिनुभयो । अधिवेशनको पहिलो दिन यही माघ १८ गते सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, सुशासन प्रवर्‌द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ बैठकमा पेस गरेको थियो। नेकपा(एमाले) का मुख्य सचेतक महेशकुमार बर्तौलाले अध्यादेश पारित हुनेगरी बिहीबारको सदनको कार्यसूची र प्रक्रिया अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सत्तापक्षमा रहेका सबै राजनीतिक दल सरकारले लिने निर्णय, कार्यक्रम र जारी भएका अध्यादेशकाबारे पक्षमा उभिने कुरामा सरकार पक्षमा रहेका राजनीतिक दलबीच कुनै बेमेल छैन, सबै दलहरू एक ठाउँमा छौँ, हामी प्रतिनिधिसभामा पनि बलियो बहुमत छ। राष्ट्रियसभामा पनि कुनै समस्या छैन अध्यादेश पारित गर्छौं ।" यसपटक मात्र नभई नेपालको लोकतान्त्रिक अभ्यासमा यसअघि धेरै अध्यादेश जारी भएका घटना सुनाउँदै प्रमुख सचेतक बर्तौलाले अहिलेको अध्यादेश देश र जनताकाहितलाई ध्यान दिँदै निजी क्षेत्रलाई आशा जगाउने र अर्थतन्त्रलाई चलायमान बनाउन ल्याइएकाले स्वागत गरेर जान आग्रह गरिएको बताउनुभयो । प्रतिनिधिसभामा प्रमुखप्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्नु हुनेछ । सरकारकातर्फबाट स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले केही धारणा राख्नुहुनेछ। भ्रष्टाचार र सुरक्षित कारोबारसँग सम्बन्धित प्रतिवेदन पनि सदनमा टेबुल गरिनेछ।


## सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं।

**सार्वजनिक निकायले:**

◆ अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
◆ सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
◆ माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

**सूचना मागकर्ताले:**

◆ सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
◆ सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
◆ प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विस्सन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बिटी कपमा पहिलो चरणका खेल जारी

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ



पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा जारी आठौं विरेन स्मृति १८ औं बिटी कप सेभेन ए साइड फुटबल प्रतियोगितामा आज ७ खेल सम्पन्न भएका छन् ।

'हामी एक हौं' भन्ने नारासहित क्रियाशिल बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा आज (बुधबार) भएको पहिलो खेलबाट गोल्डेन नाइटले बिटी टिम 'सि' लाई १-० गोल अन्तरले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेको विनोद गुरुङले जानकारी दिए । उनका अनुसार गोल्डेनको जीतमा सनिज थापाले निर्णायक गोल गरे । यस्तै दोस्रो खेलमा हाम्रो एफसीको अनुपस्थितिमा लामागाउँ गुम्बा टिम 'बि' विजयी बन्यो । एलसी ब्रदर्श बि र जि नाइन घाचोकबीच भएको तेस्रो खेल १-१ को बराबरीमा निर्धारित समय सकिएपछि पेनाल्टी सुटआउटमा एलसी ब्रदर्श विजयी बन्यो । चौथो खेलमा बिग सिटी लेकसाइडले टुंडिखेल एफसीलाई ३-० गोल अन्तरले हरायो । लेकसाइडको जीतमा आयुष थापाले ह्याट्रिक गरे । पाँचौ खेल क्र्यास एफसीले चन्द्र सूर्यलाई ३-१ गोलले हरायो । क्र्यासको जीतमा सचिन गुरुङ, इश्वर बाँनिया र उत्सव श्रेष्ठले समान १/१ गोल गरे । भने, चन्द्र सूर्यलाई करण तामाङले १ गोल फर्काए । छैटौं खेलमा माछापुच्छ्रे त्रिशक्तिले गहते एफसी बागलुङलाई १-० गोल अन्तरले पराजित गर्यो । त्रिशक्तिको जीतमा मनिष ठकुरीले निर्णायक गोल गरे । यसैगरी आज भएको अन्तिम खेलमा रामघाट एफसीले लेकसिटी एफसीलाई ४-१ गोल अन्तरले पराजित गर्यो । रामघाटको जीतमा रोशन छन्त्याल, भिषण गुरुङ, शिव सुवेदी र आशिश गुरुङले समान १/१ गोल गरे । भने, लेकसिटीका लागि बिक्की गुरुङले १ गोल फर्काए । बिहीबार पनि पहिलो चरणकै खेलहरु हुने क्लबका अध्यक्ष अशिम थापाले जानकारी दिए । कुल ४८ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले १ लाख ८१ हजार १ सय ११ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्ने क्लबका सचिव रेशम सापकोटाले बताए । उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडी, गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ७/७ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगितामा अनुशासित टिमलाई ९ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

# सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतना जगाउँदै तनहुँ प्रहरी

पोखरापत्र संवाददाता
दमौली, २३ माघ

पछिल्लो समय जिल्लामा सवारी दुर्घटना बढेपछि न्यूनीकरणका लागि जिल्ला प्रहरी कार्यालयले सचेतना अभियान सञ्चालन गर्न थालेको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँका विभिन्न खण्डमा दुर्घटना बढेपछि प्रहरीले न्यूनीकरणको पहल थालेको हो ।

मुग्लिनबाट कोत्रेसम्म सडकको स्तरोन्नति भइरहेकाले सडकको अवस्था र सवारी चालकको लापरबाहीका कारण दैनिक दुर्घटना बढिरहेकाले ट्राफिक नियम पालनासम्बन्धी सचेतना जगाउन थालिएको प्रहरीले जनाएको छ । प्रहरीले सवारी चालकलाई ट्राफिक नियम पालना गर्न तथा सचेतना अपनाएर दुर्घटना न्यूनीकरणमा सघाउन आग्रह गर्दै सचेतनामूलक कार्यक्रमलाई जोड दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "पृथ्वीराजमार्गका विभिन्न खण्डमा दुर्घटना बढेपछि न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम गर्दै आएका छौं । तीव्र गतिका कारण दुर्घटना बढेपछि सीमित गतिमा सवारी चलाउन र आवश्यक नियम पालना गर्न सोसम्बन्धी जानकारीसहित आग्रह गरेका छौं ।" उहाँका अनुसार ट्राफिक नियम, लेन अनुशासन, सडक सङ्केत तथा ट्राफिक लाइटहरूको सधैँ पालना गरौँ, जथाभावी ओभरटेक नगर्न, मादक पदार्थ तथा अन्य नशाजन्य पदार्थ सेवन नगरी सवारी चलाउन, सवारी चलाउनु अगाडि आफ्नो साधन ठीक छ/छैन जाँच गर्न, आफूभन्दा अगाडिको सवारीसँग दूरी कायम गर्न, क्षमता भन्दाबढी यात्रु तथा सामानहरू नबोक्न, तोकिएको स्थान (बस स्टप) मा मात्र यात्रुहरूलाई चढाउन र झार्न आग्रह गरिएको छ । सवारी चलाउँदा आफ्नो ध्यान सडकमा मात्र केन्द्रित गर्न, मोबाइल फोनको प्रयोग नगर्न, ठूलो आवाजमा रेडियो क्यासेटहरू नबजाउन, सवारी चलाउँदा तोकिएको गतिभन्दा छिटो नचलाउन आग्रह गरिएको छ । साथै मोटरसाइकल चालाउँदा अनिवार्य हेल्मेट प्रयोग गरी फितासमेत बाँध्न आग्रह गरिएको भन्दै उहाँले पैदल यात्रु, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा फरक क्षमता भएका व्यक्तिहरूलाई सडकमा पहिलो प्राथमिकता दिन, रातको समयमा साइकल चलाउँदा टल्कने लुगाको प्रयोग गर्न आग्रह गरिएको जानकारी दिनुभयो । मुग्लिन-पोखरा खण्ड विस्तारसँगै सडक फराकिलो बनाउने काम भइरहेको जनाउँदै प्रहरी उपरिक्षक शाहीले तीव्र गतिका कारण अत्यधिक दुर्घटना हुने गरेकाले सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । जिल्लामा चालु आर्थिक वर्षको छ महिनामा सवारी दुर्घटनामा परी ३८ जनाले ज्यान गुमाएका प्रहरीले जनाएको छ । आव २०८०/८१ को सोही अवधिमा भएका दुर्घटनामा परी २२ जनाको मृत्यु भएको थियो । जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारीसाधन दुर्घटना हुने गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक अशोक थापाले बताउनुभयो । उहाँका अनुसार पृथ्वीराजमार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस क्षेत्रमा बढी दुर्घटना हुने गरेको छ । सवारी दुर्घटनामा परी आव २०७९/८० मा २९, आव २०७८/७९ मा ४९, आव २०७७/७८ मा ४८, आव २०७६/७७ मा ४४ र आव २०७५/७६ मा ६० जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ ।


## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/१०/२३

**कास्की जिल्ला मौजे कालावाङ ३/३ नं. का जि.मु. जसविर गुरुङ्ग जीम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ५१ द.नं. १ मा साखाविर गुरुङ्गको ।१।५ मध्ये ।।। २ को तिरो रु. ।४ पैसा लागि दर्ता भएको २०२९ साल सम्मको तिरो तिरेको, भू.सु. ७ नं. फाराममा चेत बहादुर गुरुङ्ग बाट लगत दिएको सर्भे नापीमा कास्की जिल्ला भुम्दी ३ को कि.नं. ४२४ क्षे.फ. १-१-३-० भएको जग्गा फिल्डबुकमा चेत बहादुर गुरुङ्गको नाउँमा कायम भएको दर्ता श्रेस्ता हुन छुटेको जग्गा हाम्रा बाबा चेत बहादुर गुरुङ्गको मिति २०६६।०८।१७ मा मृत्यु भएको चेत बहादुर गुरुङ्गको एक मात्र श्रीमती हाम्री आमा टप कुमारी गुरङ्गको पनि मिति २०६७।१२।१७ मा मृत्यु भएकोले हामीले नै हकभोग गर्दै आएको उक्त जग्गाको सबैभन्दा नजिकका हकदार हामी दुई भाई छोराहरु रहेको हुँदा उक्त जग्गाहरु हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी साविक पुम्दिभुम्दी-६ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने याम बहादुर गुरुङ र भुल प्रसाद गुरुङले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।**

तपशिल:-

| जिल्ला | गा.वि.स./ नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | भुम्दी | ३ | ४२४ | १-१-३-० | मकै | दोयम | चेत बहादुर गुरुङ |

ईति संवत २०८१ साल माघ २३ गते रोज ४ शुभम् ।



## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला बजार, फेदीखोला-०२, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्री तथा निकासीका लागि पुन: बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१।१०।२४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रँसिङ तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यबिधि, २०७५, नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा सो को प्रथम संशोधन २०७९ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपलिकाले गाउँपालिकाको आर्थिक ऐन, २०८१ को अनुसुची १२ को क्र.सं. ७ मा तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/८१ को कर चुक्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं. १५/०८१/८२/ पी.आर.एम. को बोलपत्र नं. | नदीजन्य पदार्थ उत्खनन् बिक्री तथा निकासी गरिने खोला र घाटको नाम | उत्खनन् परिणाम (घन फिट) | बोलपत्रको न्यूनतम हुनुपर्ने रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 26/PRM/IR/081–82 | सेतीखोला भाटखोला चनौटे दोभान | २०३९७७ | १,६२४,५९५/५७ | बोलपत्रदाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत जम्मा गरी बोलपत्र पेश गर्नुपर्नेछ। | १०००/- |
| २ | 27/PRM/IR/081–82 | ठाडोखोला डहरेदोभान | १०८०६३ | ८६०,६७८/७६ | | १०००/- |
| ३ | 28/PRM/IR/081–82 | दोपरे चाँपको रुख | ८३९०० | ६६८,२३०/०८ | | १०००/- |
| ४ | 29/PRM/IR/081–82 | सेतीखोला पिप्ले पातिहाल्ना | १२६५२३ | १,००७,७०५/३० | | १०००/- |
| ५ | 30/PRM/IR/081–82 | घ्याङरुङखोला ढाँण | २२०७१६ | १,७५७,९१५/०४ | | १०००/- |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. ०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.क. (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वा प्राइम कमर्सियल बैंक शाखा कार्यालय फेदिखोलामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६५०१००००००३०८००१८० मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा नगदै वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको नगदी रसिद वा भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरी बोलपत्र दाखिला गर्दा पेश गर्नुपर्नेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आँफुले कबोल गरेको मु.अ.क. सहितको कूल कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम बैक फेदिखोला शाखा स्थित धरौटी खाता नं. ०६५०१०००००००३६००१७९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त तथा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र खोला/घाटको नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्रको विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १० औं दिन दिनको ११:०० बजे फेदिखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्नुहोला, कुनै विषय वा बुँदामा द्विविधा भएमा कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य दाखिला गरी सम्झौता गर्न आउनुपर्नेछ तर साथमा दोस्रो किस्ता बापत बाँकी रहने ५० प्रतिशत ले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त तथा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड) समेत पेश गरी मात्र पट्टा कबुलियत गर्न आउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी/खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फर्छ्योट नगरेसम्म बोलपत्र प्रकृयामा भाग लिन पाउने छैनन् । ठेक्का प्रकृयामा भाग लिएमा त्यस्ता बोलपत्रहरुलाई मूल्याङ्कन प्रकृयाबाट हटाई बाँकी रहेका बोलपत्रहरुको मात्र मूल्याङ्कन लगायतका अन्य प्रकृया अगाडि बढाइनेछ ।

१०. यस सूचनामा उल्लेख भएका विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।